नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.: ०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्या:- शा.सु.०८०/०८१/०५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ८४२

नेपाल सरकार
गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०८०/०७/२३

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरवार काठमाडौं ।
श्री उद्योग बाणिज्य तथा आपुर्ती मन्त्रालय सिंहदरवार काठमाडौं ।
श्री कृषि तथ पशुपंक्षी विकास मन्त्रालय, सिंहदरवार काठमाडौं ।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय, हलचोक काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा बिरुवा संरक्षण तथा क्वारेन्टाइन ऐन २०६४, विरुवा संरक्षण तथा क्वारेन्टाइन नियमावली, २०६६ साथै नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको मिति २०७९/०४/१२ गते राजपत्रमा प्रकाशित सूचनाको प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०८०/०७/०२ गते गृह मन्त्रालयमा विषयगत मन्त्रालयका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधिहरु र फ्लोरिकल्चर एशोसियसन नेपालका प्रतिनिधिहरु सम्मिलित बैठकको निर्णयको छायाँप्रति पाना १ (एक) यसैसाथ संलग्न राखी कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८०/०७/२३

(दिनेश न्यौपाने)
शाखा अधिकृत

नेपाल सरकार

मिति २०७९/०४/१२ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम नेपाल भर प्लाष्टिकजन्य फुलगुच्छाको उत्पादन, आयात, निर्यात, बिक्री बितरण वा भण्डारण रोक लगाईएको विषयलाई प्रभावकारी कार्यान्वयन गर्न छलफल पश्चात तपशील अनुसार निर्णय गरियो ।

१. प्लाष्टिकजन्य फुलगुच्छा उत्पादन, आयात, निर्यात, बिक्री बितरण वा भण्डारण रोक लगाउन गृह मन्त्रालय, उद्योग बाणिज्य तथा आपुर्ती मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सुरक्षा निकायहरु र फ्लोरिकल्चर एसोसिएसन नेपाल बीच समन्वय, सहकार्य, अनुगमन, नियमन जस्ता कार्यहरु गर्ने ।

२. दशैं, तिहार, छठ् लगायतका पर्वमा प्लाष्टिजन्य फुल गुच्छा उत्पादन, आयात, निर्यात, बिक्री बितरण वा भण्डारण हुन सक्ने सम्भावनालाई रोक्न सिमा नाका, पसलहरुमा नियमित रुपमा अनुगमन तथा नियमनलाई तिव्रता दिने ।

३. नेपालमा हुने पुष्प खेती, पुष्प कृषक र पुष्प व्यवसायलाई संरक्षण र प्रोत्साहन गर्न छिमेकी राष्ट्रबाट बैद्य तथा अबैद्य फुल आयातलाई नियन्त्रण र नियमन गर्न गृह मन्त्रालय, विषयगत मन्त्रालयहरु, सुरक्षा निकायहरु र फ्लोरिकल्चर फ्लोरिकल्चर एसोसिएसन नेपाल बीच बिरुवा संरक्षण तथा क्वारेन्टाईन ऐन २०६४ र बिरुवा संरक्षण तथा क्वारेन्टाईन नियमावली २०६६ को प्रभावकारी कार्यान्वयन गर्न समन्वय र सहकार्य गर्ने ।

# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

### सूचना

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (६) ले दिएको अधिकार प्रयोग गरी नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, बिक्री वितरण वा भण्डारण गर्न पूर्णरुपमा रोक लगाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
डा. पेम नारायण कंडेल
नेपाल सरकारको सचिव।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-
गो.द.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।